आज मिति २०७७/११/२१ गते भीमेश्वर नगरपालिकाका नगरप्रमुख भरत बहादुर के.सी.ज्यूको  अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६६ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री भरत बहादुर के.सी.......................नगर प्रमुख

श्री कमला बस्नेत ......................नगर उपप्रमुख

श्री मान बहादुर खड्का....................प्रमुख प्रसासकिय अधिकृत

श्री बिर बहादुर थामी ....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ .................. वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................ वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................ वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ .............. वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ..........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ...................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी ................... कार्यपालिका सदस्य

श्री दिपक धनुके..................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम .................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल ................. कार्यपालिका सदस्य,

श्री गौरी थामी ......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ........... कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ........................ कार्यपालिका सदस्य,

श्री किरण वली.................... . कार्यपालिका सदस्य,

श्री रामचन्द्र पौडेल .......................उपसचिव (शिक्षा) आमन्त्रित

श्री माधव प्रसाद सुबेदी ..................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

मिति: २०७७/११ /२१ गते
समय: दिनको २ :०० बजे
स्थान : महांकाल सदन

**निर्णय नं. १:-** यस नगरपालिका क्षेत्रभित्रका लक्षित बर्गका नागरिकलाई छुट सुबिधा सहित नगर बस संचालन गर्न भीमेश्वर नगर यातायात कम्पनि प्रा. लि. ले प्रस्ताव पेश गरेकोमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ट(४) बमोजिम उक्त कम्पनिलाई तोकिए बमोजिमको रुट परमिट प्रदान गर्ने र तोकिएको लक्षित बर्गका जनतालाई तोकिए बमोजिम छुट सुबिधा सहित नगर बस संचालन गर्न यस नगरपालिकाबाट सेवा सन्चालनमा आएपश्चात मासिक रु १,००,०००/-(एकलाख) नगर युवा रोजगार कार्यक्रम शीर्षकबाट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:-** यस नगरपालिकाको राजश्व संकलन तथा उपभोक्ता समितिलाई सेवा सुबिधा सहज रुपामा उपलब्ध गराउन प्रभु बैंक लि.ले नगर पालिकाको सम्पूर्ण खाता कारोबार उक्त बैंकबाट गरेमा भीमेश्वर नगरपालिका परिसर / नजिक आफ्नो काउन्टर स्थापना गरी सेवा प्रदान गर्ने प्रस्ताब पेश गरेकोमा खाता सञ्चालन अनुमतिका सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३:-** यस नगरपालिका वडा नं. ३ बीच बजार स्थित प्रगति मार्ग निर्माण उपभोक्ता समितिले उक्त मार्ग निर्माण गर्दा दोहोरो सेड ब्याक जग्गा छोड्नुपर्ने भई घर निर्माण गर्ने अवस्था समेत नरहने भएकोले Right Of Way पुनरावलोकन गरी पाउन अनुरोध गरेकोमा उक्त बाटोको प्राबिधिक प्रतिवेदन सहित बिधायन समितिमा पेश गर्ने र बिधायन समितिले प्राबिधिक प्रतिवेदन अध्ययन गरी आवश्यक ठहर गरेमा आगामी नगर सभामा सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ को संशोधन प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:-** यस नगरपालिकाको फोहोरमैला ब्यबस्थापन गर्न आवश्यक भएकोले एकीकृत फोहोरमैला ब्यबस्थापन र स्थान छनौट गर्न वडा नं.६ का वडा अध्यक्षको संयोजकत्वमा देहाए बमोजिमको एकीकृत फोहोरमैला ब्यबस्थापन, स्थान छनौट तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

(क) वडा अध्यक्ष वडा नं.६ ............संयोजक
(ख) वडा अध्यक्ष वडा नं.४ ............सदस्य
(ग) वडा अध्यक्ष वडा नं.५ ............सदस्य
(घ) वडा अध्यक्ष वडा नं.७ ............सदस्य
(ङ) सब-ईन्जीनियर भविन्द्र थापा ........सदस्य सचिव

**निर्णय नं.५:-** प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको ठेगाना | प्रदेश अनुदानको किसिम | |
|---|---|---|---|---|
| १ | टुडिखेल खेल मैदान निर्माण आयोजना | भी.न.पा.–३, दोलखा | प्रदेश समपुरक अनुदान | |
| २ | दोलखा नागदह सडक स्तरोन्नति कार्य | भी.न.पा.–२, दोलखा | प्रदेश समपुरक अनुदान | |
| ३ | थामी एकीकृत वस्ती होमस्टे कार्यक्रम | भी.न.पा.– १,बोसिम्पा,दोलखा | प्रदेश विशेष अनुदान | |
| ४ | जनजाति सांस्कृतिक संग्राहलय निर्माण आयोजना | .न.पा.–६, चोथाङ, दोलखा | प्रदेश विशेष अनुदान | |

**निर्णय नं.६:-** यस नगरपालिका वडा नं.२ को वार्षिक स्वीकृत योजन सी नं. २५१ मा विनियोजित भीम पुस्तकालय भवन निर्माण शिर्षकमा रु ९,००,०००/- जग्गा अभावका कारण सम्पन्न हुन नसक्ने भएकोले उक्त शिर्षकमा विनियोजित रु ९,००,०००/- कुमारी भवन निर्माण योजनामा योजाना संसोधन गरिदिन वडा नं. २ बाट सिफारिस भई आएकोले उक्त योजना संसोधन गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :-** यस नगरपालिकाको योजना संचालन प्रगति समीक्षा कार्यक्रम २०७७/११/२२ गते वडा नं १ को थापान्थलिमा, नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा सम्पन्न्न गर्ने निर्णय गरियो।

**निर्णय नं.८ :-** यस नगरपालिका वडा नं.७ स्थित साखिने आधारभूत विद्यालयको जग्गा भाडा बिबाद सम्बन्धमा दुई पक्षिय छलफलको माध्यामबाट समस्या समाधान गर्न छलफलका लागि झिकाउने निर्णय गरियो ।

**निर्णय नं.९ :-** जिरी नगरपालिकाको आयोजनामा संचालन हुने उपमेयर कप महिला भलिबल प्रतियोगितामा यस नगरपालिकाको तर्फबाट भागलिन जाने सहभागी टोलीलाई महिलासंग उपमेयर शीर्षकबाट रु ५०,०००/- (पचास हजार ) उपलब्ध गराउदै खेलकुदको माध्यमबाट किशोरीहरुको क्षमाता विकासमा टेवा पुर्याउने निर्णय गरियो ।

**निर्णय नं.१०:-** यस नगरपालिकाको कर संकलन प्रक्रिया र करका बारेमा आम जनसमुदायमा  कर सचेतना फैलाउन कर सङ्कलन सम्बन्धी पुस्तिका प्रकासन/ तथा प्रशारण गरी प्रत्येक करदाता समक्ष पुर्याउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:-** यस नगरपालिकाको करको मुख्य श्रोतको रुपमा रहेको घर जग्गा रजिस्ट्रेसनलाई ब्यबस्थित गर्न मालपोत कार्यालय दोलखामा रहेको मोठ ब्यबस्थापनका लागि कार्यालय संचालन शीर्षकबाट रु ३,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२:-** यस नगर कार्यपालिकाको मिति २०७७/१०/०८ मा बसेको ६४ औ बैठकको निर्णय नं.२ को क्र.स.१४ मा ५०% लागत सहभागितामा कार्यान्वयन हुनेगरी बिनियोजन भएको पुरानो नापी कार्यालय – साउनेपानी सडक आयोजनाको उपभोक्ताले रकम जम्मा गर्न नसकेकोले उक्त आयोजनामा विनियोजित रकम नगरपालिका अनुदान रु ५,००,०००/- र उपभोक्ता लागत सहभागिता रु.५,००,०००/- गरी कुल रु १०,००,०००/- शान्ति नगर बाटो निर्माण आयोजना भीमेश्वर ६ मा बिनियोजन गरिदिन ६ नं.वडा कार्यालयबाट सिफारिस भई आएकोले सोहि बमोजिम आयोजना संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:-** नगर प्रमुख तथा उपप्रमुखको तोक आदेशमा खर्च भएका देहाएका योजानाहरुको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

(क) महांकाल मन्दिर घेराबार (Compaund Wall) भीमेश्वर ५ लाई सम्पदा सम्रक्षण शीर्षकबाट रु ६,००,०००/-(छ लाख ) उपलब्ध गराएको ।

(ख) रक्तकाली मन्दिर बाटो निर्माण भीमेश्वर ६ लाई जनतासंग मेयर कार्यक्रम शीर्षकबाट रु ५०,०००/-(पचास हजार) उपलब्ध गराएको ।

(ग) महांकाल प्रा. बि. बालकक्षा ब्यबस्थापन भीमेश्वर ६ लाई जनतासंग मेयर कार्यक्रम रु १००,०००/-(एकलाख उपलब्ध गराएको ।

(घ) नेपाल बार एशोसियसन दोलाखाको बैठक हल मर्मतसम्भार गर्न मर्मतसम्भार शीर्षकबाट

रु २ ००,०००/-(दुई लाख उपलब्ध गराएको ।

(ङ) गैरागाँउ बाल खेलमैदान निर्माण भीमेश्वर ७ लाई महिलासंग उपमेयर शीर्षकबाट रु ५०,०००/-(पचास हजार) उपलब्ध गराएको ।

(च) यस नगरपालिका वडा नं. ५ स्थित मिल्धुम्ती – सुनखानीडाँडा – महांकाल सडक निर्माण उपभोक्ता समितिलाई जनतासंग मेयर कार्यक्रमबाट उपलब्ध गराएको रु.२,००,०००/-(दुई लाख) उपलब्ध गराएको ।

(छ) यस नगरपालिका वडा नं.१ सुस्पाक्षमावती स्तिथ सदुवाको डिल सार्वजनिक क्षत्रमा रिखिपोले सेतिदेबी युबा क्लबलाई खेल मैदान निर्माण गर्न एकवडा एक खेलमैदान शीर्षकबाट ५०,०००/-(पचास हजार) उपलब्ध गराएको ।

(ज) कम्युनिटी रुरल डेभलपमेन्ट सोसाईटी नेपालले बिभिन्न गैर सरकारी सस्थाको सहयोगमा यस नगरपालिकाको वडा नं. २ दोलखामा होमस्टे तालिम सन्चालन गरी उक्त तालिमका सहभागीहरुलाई होमस्टे सन्चालन भएका स्थानको अवलोकन भ्रमण कार्यक्रम गर्न अवलोकन भ्रमण शीर्षकबाट रु ३००,०००/-(तीनलाख) उपलब्ध गराएको ।